# सुचना ! सुचना !! सुचना !!!

**विषयः- बेरोजगार फारम भर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/०७९ को लागि न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न १८ देखि ५९ बर्ष उमेर समूहको पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन इच्छुक रहेको बेरोजगार व्यक्तिहरुले २०७७ साल फाल्गुन मसान्त सम्ममा आफ्नो स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा गई तपसिल बमोजिमका आवश्यक कागजातका साथ बेरोजगार व्यक्तिहरुको सूचिमा सूचिकृत हुन जानकारी गराइन्छ। सम्बन्धित वडा कार्यालयमा परेका निवेदनहरु मध्येबाट देहाय बमोजिमका मापदण्ड अनुसार प्राथमिकताका आधारमा वास्तविक बेरोजगार व्यक्तिहरुको आवेदन फारमहरु जम्मा गरि गाउँपालिकाको रोजगार सेवा केन्द्रमा पठाईदिनु हुन अनुरोध गरिन्छ।

पूनश्चः फाल्गुन मसान्तसम्म EMIS Entry सक्नु पर्ने भएकोले फारममा उल्लेख गरेका सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नु/भराउनु हुन अनुरोध गरिन्छ।

<u>तपसिलः</u>

**आवश्यक कागजातहरुः**

- नागरिकताको फोटोकपि १ प्रति
- पासपोर्ट साइजको फोटो १ प्रति
- परिवारका सदस्यहरुको नागरिकताको फोटोकपि १/१ प्रति
- स्थायी बसोबास नभएको हकमा बसाई सराई प्रमाणपत्रको फोटोकपि १ प्रति

**बेरोजगार छनौट मापदण्डः**

- कृषि उत्पादनले बर्षमा ३ महिना खान नपुग्ने
- बसोबासको लागि आफ्नै घर नभएको परिवारको सदस्य
- एकल महिला घरमुलि भएको परिवारको सदस्य
- दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य
- निवेदन दिदाको मितिसम्म सोही आर्थिक बर्षमा १०० दिनको रोजगारीमा संलग्न नभएको
- स्वरोजगारमा संलग्न भई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको

..............................

(प्रमुख प्रशासकीय अधिकृत)